१२५०।८६२

# राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा

सूचना आयुक्त किरणकुमार पोखरेल

सूचना आयुक्त यशोदादेवी तिम्सिना

## आदेश

मु.नं. ६४६/२०७२/०७३

निर्णय नं. ८६२

जिल्ला महोत्तरी, खयरमारा ६ घर भई हाल काठमाण्डौ ३५ बस्ने राजु ढकाल ................१ पुनरावेदक

विरूद्ध

कार्यालय प्रमुख, सडक डिभिजन कार्यालय नं. २, टेकु, काठमाडौं.................................१ प्रत्यर्थी

सूचना अधिकारी, सडक डिभिजन कार्यालय नं. २, टेकु, काठमाडा.......................... .....१

विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।

जिल्ला महोत्तरी, खयरमारा ६ हाल काठमाण्डौ ३५ बस्ने राजु ढकालले सडक डिभिजन कार्यालय नं. २, टेकु, काठमाडौं समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७३।१।३० मा पुनरावेदन गरेको ।

सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३ को उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३ को उपदफा (३) ले केही सूचना प्रवाह गरिने छैन भन्ने व्यवस्था गरेको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) ले प्रवाह गरिने छैन भन्ने व्यवस्था भित्र पर्ने देखिदैन ।

अतः पुनरावेदकले माग गरेको तपसिलको सूचना पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी सडक डिभिजन कार्यालय नं. २, टेकु, काठमाडौंका कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

तपसिल

१. त्यस डिभिजन कार्यालय अन्तर्गत रातो किताबमा परी कार्य सम्पन्न भै भुक्तानी दिई सकेका १० लाख सम्म बजेट भएका सडक योजनाहरुको विवरण (सडकको नाम, विनियोजित रकम, ठेक्का लिनेको नाम, कार्यसम्पन्न भएको मिति, भुक्तानी दिएको मिति, साइड इन्चार्ज) ।

२. करारमा लिएका कर्मचारीहरुको विवरण (तह, पारिश्रमिक, शुरु मिति) ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

इति सम्वत् २०७३ साल जेठ ९ गते रोज १ शुभम् ।